नेपाल सरकार

गृह मन्त्रालय

# राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

SitRep
# २८

४ साउन २०७७

| २०७७ बैशाख देखि साउन ३ सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| १०६ | ४३ | ८५ | ६ | ६ | ३ | ४७ | ० | १६१ |
| **२०७७ जेठ ३० मनसुन सुरु भएदेखि साउन ३ सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण** | | | | | | | | |
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| १०४ | ४३ | ८४ | ३ | ५ | १ | १७ | ० | ४२ |

# दैनिक विपद् बुलेटिन

३ साउन विहान १०:०० बजेदेखि ४ साउन विहान १०:०० बजे सम्म

**नेपाल**मा विभिन्न जिल्लामा गरेर **५** स्थानमा **आगलागी**, ४ स्थानमा **अविरल वर्षा,** २ स्थानमा **पहिरो**, २ स्थानमा **बाढी**, २ स्थानमा **जंगली हात्तीको आक्रमण**का घटना भएका छन् । यी घटनामा परेर २ जनाको **मृत्यु** भएको छ । ३ स्थानमा **माटोको ढिस्को र ढुङ्गा खसेर बाटो अबरुद्ध** भएका छन् ।

| मृत्यु संख्या | हराएको | घट्ना संख्या | घाइते | अनुमानित क्षति रु. | सडक अवरोध | चौपाया क्षति |
|---|---|---|---|---|---|---|
| २ | - | १८ | - | १७,१८,००० | ३ | १ |

## घट्ना सारांश

- **मुलुकभर** गएको २४ घण्टामा विपद्का **१८ वटा** घट्नाहरु भएका छन् ।
- **पाल्पा**को रैनादेबी छहरा गाउँपालिका वडा नं ३ पट्टाचौरस्थित रिडी खोला तर्ने क्रममा अचानक **खोलाले बगाई एक** जनाको **मृत्यु** । रामपुर नगरपालिका वडा नं १ छम्केस्थित एक कच्चि घरमा अचानक **आगलागी** भई घर पुर्ण रुपमा क्षति । उक्त घरमा मानिस नबस्ने तथा अन्य सामान केही नरहेको ।
- **कैलाली**को घोडाघोडी नगरपालिका वडा नं ६ बसन्ता स्थित ईट्टा भट्टा खोलामा आएको बाढी गाउँमा पसी **१ सय घरधुरी डुबान**मा । उक्त खोला नजिकै खेल्न गएका एक **१२ वर्षकी बालिकाको खोलाले बगाई मृत्यु** ।
- **मोरङको** उर्लाबारी नगरपालिका वडा नं २ सालबारीस्थित एक घरमा **जंगली हात्ती आई** घरको बरण्डामा राखिएको अन्दाजी १२ मन मकै नष्ट पार्दा **१० हजार** रुपैंया बराबरको क्षति ।
- **ताप्लेजुङ**को फक्ताङलुङ गाउँपालिका वडा नं ६ लेलेपस्थित एक घरको आधा भाग **पहिरो**ले बगाउँदा **१२ लाख** रुपैंया बराबरको क्षति ।
- **तेह्रथुम**को छथर गाउँपालिका वडा नं २ लक्ष्मीटारस्थित एक घर राती परेको अत्याधिक **बर्षातको** कारणले पूर्ण रुपमा क्षति हुदा **१ लाख २५ हजार** रुपैंया बराबरको क्षति । उक्त घरमा बसोवास गर्ने परिवार छिमेकीको घरमा स्थानत्तरण भई बसेको ।

- **रामेछाप**को गोकुलगंगा गाउँपालिका वडा नं १ काङ्बाडाडास्थित एक घरमा ५ वर्षकी बालिकाले चलाएको लाईटरबाट अचानक **आगलागी** हुँदा घर आंशिक रुपमा जली घरमा रहेको लत्ताकपडा, भाडाकुडा र घास गरी **६५ हजार** रुपैंया बराबरको क्षति ।
- **भक्तपुर**को चाँगुनारायण नगरपालिका वडा नं ७ बागेश्वरीस्थित दुईवटा घरको पर्खाल **अबिरल वर्षाका** कारण भत्किदा **२ लाख ५० हजार** रुपैंया बराबरको क्षति ।
- **बाग्लुङ**को बाग्लुङ्ग नगरपालिका वडा नं ८ सिगानास्थित एक कच्चि गोठ **अबिरल बर्षाको** कारण भत्किदा गोठ भित्र रहेको १ वटा **भैंसि** मरेको ।
- **कपिलवस्तु**को यसोधरा गाउँपालिका वडा नं ४ परसोहियास्थित एक कच्ची घरमा रहेको किराना पसलमा ग्याँस बाल्ने क्रममा ग्याँसको पाईप फुटी **आगलागी** हुँदा **१८ हजार** रुपैंया बराबरको क्षति ।
- **डोटी**को नेपाल रेडक्रस सोसाईटी डोटी जिल्ला शाखा द्वारा संचालित रक्त संचार सेवा केन्द्र कार्यालयको माथिपट्टि रहेको नाचन्थलि बजारको सडकबाट **पहिरो** जाँदा रक्त संचार सेवा केन्द्रको पछाडी र उत्तर पट्टीको भवनको भागमा क्षति । पहिरोले रक्त संचार केन्द्र रहेको कोठामा भएका सोलार व्याट्री, ईन्भर्टर र फ्रिजहरुमा समेत क्षति भई रक्त संचार सेवा र कार्यालयको दैनिक हुने सेवाहरु समेत अवरुद्ध ।
- **झापा**को भद्रपुर नगरपालिका वडा नं ७ स्थित एक घर जंगली हात्तीले पूर्ण रुपमा भत्काई घरभित्र रहेको धान चामल खाँदा **५० हजार** रुपैंया बराबरको क्षति ।
- **रौतहट**को गरुडा नगरपालिका वडा नं ४ स्थित चपुर गौर सडक खण्डमा सुकदेबचोकबाट चपुर तर्फ जादै गरेको भैसी लोड गरेको मिनी ट्रकको पछाडि पट्टि राखेको परालमा अचानक **आगलागी** ।
- **भक्तपुर**को मध्यपुर ठिमि नगरपालिका वडा नं ६ कुण्डोलस्थित एक घर पछाडीको पर्खाल **अबिरल वर्षाका** कारण भत्किएको ।
- **रुपन्देही**को सैनामैना नगरपालिका वडा नं १० फायरलाईनस्थित पूर्व पश्चिम राजमार्गमा रोकी राखेको ट्रकमा अचानक **आगलागी** हुँदा ट्रकको अगाडीको भाग आंशिक रुपमा क्षति ।

## सडक अवरोध

- **मनाङ**को नासौं गाउँपालिका वडा नं १ म्यार्दी भिरस्थित **बेशीसहर चामे सडक खण्ड**मा अचानक ठुला ठुला ढुङ्गा आई **सडक अबरुद्ध** ।
- **अछाम**को पञ्चदेवल बिनायक नगरपालिका वडा नं १ धामीगाँउस्थित **मध्य पहाडी लोकमार्ग** सडक खण्डमा बर्षातका कारण माथिबाट ठुलो ढुंगा आई **बाटो अवरोध** ।
- **बझाङ**को केदारस्युँ गाउँपालिका वडा नं १ नारीगौडा भन्ने खोलामा पानीको सतह बढ्न गई माटोको ढिस्को समेत खसी **जयपृथ्वी राजमार्गमा बाटो अवरोध** ।


## प्रतिकार्य

- विपद् व्यवस्थापनमा संलग्न सुरक्षा निकायहरुलाई उद्दार तथा राहतका लागि तैनाथ गरि राखिएको ।
- सरकारी तथा गैरसरकारी निकायहरु, रेडक्रसकर्मीहरु, तथा निजी क्षेत्र समेत तयारी अवस्थामा रही तुरुन्त परिचालित हुने व्यवस्था मिलाइएको ।
- सुरक्षा निकायको टोलीबाट पहिरोका कारण अबरुद्ध बनेको बाटो खोल्ने प्रयास भइरहेको ।

## वर्षाको सारांश

साउन ०३ गते बिहान ०८:४५ बजे देखि साउन ०४ गते बिहान ०८:४५ बजे सम्म

आज मिति २०७७/०४/०४ गते बिहान ०८:४५ बजे २०७ वटा वर्षा मापन केन्द्रहरु (मानब संचालितः ३९ र स्वचालितः १६८) मा मापन गरिएको वर्षाको विवरण अनुसार १७२ वटा केन्द्रहरुमा वर्षा भएको छ (चित्र १)। उक्त केन्द्रहरु मध्ये सबै भन्दा बढि वर्षा (११७ मि. मी.) कपिलवस्तु जिल्लाको बाँणगङ्गा केन्द्रमा मापन गरिएको छ। वर्षा मापन भएका केन्द्रहरु मध्ये १ वटा केन्द्रमा १०० मि. मी. भन्दा बढि, ७ वटा केन्द्रमा ५० मि. मी. भन्दा बढि, २८ वटा केन्द्रमा २५ मि. मी. भन्दा बढि र ६८ वटा केन्द्रमा १० मि. मी. भन्दा बढि वर्षा मापन भएको छ।




चित्र १ः दैनिक वर्षा (छायांकित रंग) तथा केन्द्रको अवस्थिती (गोलाकार संकेत)

*वर्षा तथा जलवायु सम्बन्धी थप जानकारीको लागि [www.dhm.gov.np/climate/](http://www.dhm.gov.np/climate/) मा हेर्नुहोस।*

## बाढी पूर्वानुमान

<u>श्रावण-४ (आईतबार) (विहान ७ बजे देखि २४ घण्टा)</u>

- आज कोशी, नारायणी, कर्णाली र महाकाली नदीमा बहाव उल्लेख्य बढ्ने तथा **कोशी र नारायणीको केहि सहायक नदीमा बहाव सतर्कता आसपास हुने पूर्वानुमान छ ।** आज कन्काई, कमला, बागमती, पश्चिम राप्ती, बबई, तिनाउ लगायतमा पनि बहाव उल्लेख्य बढ्ने र सतर्कता आसपास पुग्न सक्ने । **कन्काई, कमला, बागमती, तिनाउ,पश्चिम राप्तीका केहि सहायक नदीमा आकस्मिक बहाव (Flash Flood) भई खतरा आसपास हुने पुर्वानुमान छ ।**
- **आज मेचि, विरिङ, निन्दा, बक्राहा, लोहन्द्रा, चिसाङखोला, सिंघिया खोला, सुनसरी खोला, बुढीखोला, त्रियुगा, माउली, गगान, खाडो, रातो, चुरियाखोला, लालबकैया, पूर्वी राप्ती, आरूण खोला, तिनाउ, बाणगंगा, मानखोला, कान्द्रा, मोहना, खुट्टिया, स्याउली, चौधर लगायत प्रदेश १, २,५,गण्डकी र सुदूरपश्चिम प्रदेशको चुरे र तराईबाट बहने प्राय सबै नदीमा बहाव बढ्ने र सतर्कता आसपास हुने ।**
- आज **ईलाम, झापा, मोरङ, सुनसरी, धनकुटा, उदयपुर, सप्तरी, सिराहा, धनुषा लगायत प्रदेश २ को सबै जिल्लाहरु, सिन्धुली, मकवानपुर,** सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, नुवाकोट, काठमाण्डौ उपत्यका, गोरखा, धादिङ, लम्जुङ, **तनहुँ, स्याङ्जा, पर्वत, कास्की, म्याग्दी, बागलुङ ,चितवन, नवलपरासी, गुल्मी, अर्घाखाँची, पाल्पा, रोल्पा, प्यूठान, रूकुम, रूपन्देही, कपिलबस्तु दाङ, बाँके, बर्दिया, सुर्खेत, दैलेख, जाजरकोट, कैलाली, कञ्चनपुर, डडेलधुरा, डोटी** भई बहने स-साना नदीमा आकस्मिक बहावको संभावना रहेको छ ।

**<u>नोटः</u> पहेलो रङले मध्यम जोखिम रहेको संकेत गर्छ। रातो रङले उच्च जोखिमको संकेत गर्छ।**

थप जानकारीका लागि जल तथा मौसम विज्ञान विभागको वेभसाइटः **http://hydrology.g**